COVID-19

Ohio Department of Health

# COVID-19 खोपसम्बन्धी जानकारीमूलक सामग्री

# प्राथमिकतामा राखिएका जनसंख्याहरू र खोपको वितरण

ओहायोले खोप लगाउन रोज्नेहरूलाई लागि राज्यव्यापी रूपमा COVID-19 का सुरक्षित तथा प्रभावकारी खोपहरू लगाउन सुरु गरेको छ। COVID-19 को खोपलाई पनि फ्लु वा दादुराको खोप जस्ता पहिलेका खोपहरूलाई विकास गर्न पूरा गरिएका चरणहरू नै पूरा गरेर विकास गरिएको हो। खाद्या तथा औषधी प्रशासन (FDA) बाट सम्पूर्ण प्रक्रिया पूरा गरेर COVID-19 का खोपहरूलाई आपत्कालीन प्रयोगको अनुमति (EUA) प्रदान गरिसकिएकोले राज्यले रणनीतिक रूपमा तथा विचारपूर्वक सबैभन्दा जोखिममा रहेका ओहायोवासीहरूलाई खोपहरू लगाउन सुरु गरिसकेको छ। रोग नियन्त्रण तथा रोकथाम केन्द्र (CDC) को खोप अभ्याससम्बन्धी परामर्श समिति (ACIP) र राष्ट्रिय विज्ञान, इन्जिनियरिङ तथा चिकित्सा प्रतिष्ठान (NASEM) द्वारा दिइएका सिफारिसहरूका आधारमा यो वितरण गरिँदैछ।

**ओहायोको चरणबद्ध अवधारणा**

ओहायोको लक्ष्य स्पष्ट छ: जीवनको रक्षा गर्ने र विद्यार्थीहरूलाई स्कुलहरूमा फिर्ता ल्याउने। खोपको आपूर्ति सीमित भए पनि ओहायोले खोप लगाउनका लागि चरणबद्ध अवधारणालाई पालना गर्नेछ। खोपको पहिलो चरणमा, सबैभन्दा उच्च जोखिम भएका मानिसहरूका साथसाथै COVID-19 का बिरामीहरूको उपचार तथा स्याहारमा संलग्न अत्यावश्यक स्वास्थ्यकर्मी तथा कर्मचारीहरूलाई प्राथमिकता दिइनेछ। ओहायो अर्को चरणमा कहिले प्रवेश गर्छ भन्ने कुरा मुख्य रूपमा उपलब्ध खोपहरूको संख्यामा निर्भर रहनेछ। खोपहरूको आपूर्ति बढ्दै गएपछि खोप लगाउन रोज्ने सबै ओहायोवासीहरूका लागि COVID-19 का खोपहरू उपलब्ध हुनेछन्।

- **चरण 1 (सीमित आपूर्ति)** –खोप आपूर्ति सीमित मात्रामा रहेको छ र जोखिममा रहेका निर्दिष्ट जनसंख्यालाई मात्र उपलब्ध गराइनेछ। ओहायो सबैभन्दा उच्च जोखिममा रहेका मानिसहरूका साथसाथै COVID-19 का बिरामीहरूको उपचार तथा स्याहारमा संलग्न स्वास्थ्यकर्मी तथा कर्मचारीहरूलाई खोप लगाउने कार्यमा केन्द्रित रहनेछ।
- **चरण 2 (आपूर्ति बढ्ने)** – यो अवस्थामा खोपको मात्रा बढ्दै जान्छ र जोखिममा रहेका निर्दिष्ट जनसंख्याका खोप लगाउन रोज्ने अझ धेरै मानिसहरूलाई यो खोप लगाउन सकिनेछ।
- **चरण 3-4 (व्यापक रूपमा उपलब्ध)** – यापक रूपमा खोप उपलब्ध भइसकेपछि ओहायोवासीहरूले खोप लगाउन रोजेको खण्डमा ओहायोले रणनीतिक रूपमा खोप लगाउने कार्यलाई निरन्तरता दिनेछ।

**चरण 1A**

डिसेम्बर 14, 2020 मा सुरु गरिएको चरण 1A मा नजिकै बस्ने जोखिममा रहेका मानिसहरू र तिनको स्याहारमा संलग्न निम्न मानिसहरूलाई प्राथमिकता दिइएको थियो:

- COVID-19 का बिरामीहरूको उपचारमा नियमित रूपमा संलग्न हुने स्वास्थ्यकर्मीहरू
- नर्सिङ होमहरूका निवासी तथा त्यहाँ कार्यरत कर्मचारीहरू
- असिस्टेड लिभिङ फसिलिटीहरूका निवासी र त्यहाँ कार्यरत कर्मचारीहरू
- राज्यका मानसिक अस्पतालहरूमा रहेका बिरामी र त्यहाँ कार्यरत कर्मचारीहरू
- विकाससम्बन्धी अपाङ्गता भएका र लागूपदार्थ दुर्व्यसनीसहित मानसिक विकार भएका सामूहिक गृह, आवासीय सेवास्थल वा केन्द्रहरूमा बस्ने मानिसहरू र त्यहाँ कार्यरत कर्मचारीहरू
- ओहायोका भुपु सैनिकहरूका लागि राज्यद्वारा सञ्चालित हाम्रा दुईवटा आवास गृहका निवासी र त्यहाँ कार्यरत कर्मचारीहरू
- EMS रेस्पोन्डरहरू

**चरण 1B**

चरण 1B दौरान, उच्च जोखिममा रहेका मानिसहरू प्राथमिकतामा परिरहनेछन्। यस्तै K-12 विद्यार्थीहरूलाई मार्च 1 सम्म स्कुलमा फिर्ता ल्याउनुपर्ने भएकोले त्यसमा ध्यान केन्द्रित गरिनेछ। यो चरणमा निर्दिष्ट रूपमा निम्न मानिसहरूलाई समावेश गरिनेछ:

- 65 वर्ष तथा सोभन्दा बढी उमेरका ओहायोवासीहरू
- निम्न लगायतका गम्भीर जन्मजात, विकाससम्बन्धी वा प्रारम्भिक अवस्थामा रहेको तथा वंशाणुगत समस्याहरू भएका ओहायोवासीहरू: सेरेब्रल पाल्सी, स्पिना बिफिडा, गएको वर्षभित्र अस्पताल भर्ना हुन परेको जन्मजात मुटुको रोग; गएको वर्षभित्र अस्पताल भर्ना हुन परेको टाइप 1 मधुमेह; फेनिलकेटोनुरिया लगायत वंशाणुगत मेटाबोलिक विकारहरू; मृगी, हाइड्रोसेफाली तथा माइक्रोसेफाली लगायत स्नायुसम्बन्धी विकारहरू; डाउन सिन्ड्रोम, फ्रेजाइल एक्स सिन्ड्रोम, प्राडर-विली सिन्ड्रोम, टर्नर सिन्ड्रोम र मस्कुलर डिस्ट्रोफी लगायत गम्भीर आनुवंशिक विकारहरू; गएको वर्ष अस्पताल भर्ना हुन परेको आज्मा (दम रोग) र सिस्टिक फिब्रोसिस लगायत गम्भीर फोक्सोको रोग; सिकल सेल एनिमिया; र अल्फा तथा बिटा थालासेमिया भएका र ठोस अङ्ग प्रत्यारोपण गरेका बिरामीहरू। यदि व्यक्तिलाई आफू यो वर्गमा पर्छु जस्तो लाग्छ भने उनले विकाससम्बन्धी अपाङ्गताको स्थानीय बोर्डमा सम्पर्क गर्नुपर्छ जसले खोपका लागि समन्वय गर्नमा मद्दत गर्नेछ।
- स्कुलमा गएर काम गर्न वा व्यक्ति-उपस्थित वा मिश्रित सिकाइ मोडलहरूमा रहिरहन चाहने K-12 स्कुलहरूका कर्मचारी/वयस्कहरू।

चरण 1B को खोप कार्य जनवरी 19 मा सुरु भइसकेको छ। गभर्नर डिवाइनले यो चरणअन्तर्गत योग्य हुने लगभग 22 लाख मानिसहरूलाई टायर प्रणालीअन्तर्गत (प्राथमिकताको आधारमा) खोप लगाउने घोषणा गरिसक्नुभएको छ र सुरुमा 80 वर्ष तथा सोभन्दा बढी उमेरका मानिसहरूलाई खोप लगाइनेछ। नयाँ उमेर समूहलाई खोप लगाउन सुरु गर्दा अघिल्लो उमेर समूहको खोप लगाउने कार्य पूरा नभएको हुन सक्नेछ। खोपका सीमित डोजहरू उपलब्ध रहेकोले सबैजनालाई खोप लगाउन हप्तौंको समय लाग्नेछ।

- जनवरी 19, 2021 – 80 वर्ष तथा सोभन्दा बढी उमेरका ओहायोवासीहरू ।
- जनवरी 25, 2021 – 75 वर्ष तथा सोभन्दा बढी उमेरका ओहायोवासीहरू; विकाससम्बन्धी वा बौद्धिक अपाङ्गताका **साथै** तलका समस्याहरू मध्ये कुनै एक समस्या भएका मानिसहरू: सेरेब्रल पाल्सी, स्पिना बिफिडा, गएको वर्षभित्र अस्पताल भर्ना हुन परेको जन्मजात मुटुको रोग; गएको वर्षभित्र अस्पताल भर्ना हुन परेको टाइप 1 मधुमेह; फेनिलकेटोनुरिया लगायत वंशाणुगत मेटाबोलिक विकारहरू; मृगी, हाइड्रोसेफाली तथा माइक्रोसेफाली लगायत स्नायुसम्बन्धी विकारहरू; डाउन सिन्ड्रोम, फ्रेजाइल एक्स सिन्ड्रोम, प्राडर-विली सिन्ड्रोम, टर्नर सिन्ड्रोम र मस्कुलर डिस्ट्रोफी लगायत गम्भीर आनुवंशिक विकारहरू; गएको वर्ष अस्पताल भर्ना हुन परेको आज्मा (दम रोग) र सिस्टिक फिब्रोसिस लगायत गम्भीर फोक्सोको रोग; सिकल सेल एनिमिया; र अल्फा तथा बिटा थालासेमिया भएका र ठोस अङ्ग प्रत्यारोपण गरेका बिरामीहरू । यदि व्यक्तिलाई आफू यो वर्गमा पर्छु जस्तो लाग्छ भने उनले विकाससम्बन्धी अपाङ्गताको स्थानीय बोर्डमा सम्पर्क गर्नुपर्छ जसले खोपका लागि समन्वय गर्नमा मद्दत गर्नेछ ।
- फेब्रुअरी 1, 2021 – 70 वर्ष तथा सोभन्दा बढी उमेरका ओहायोवासीहरू; स्कुलमा गएर काम गर्न वा व्यक्ति-उपस्थित वा मिश्रित सिकाइ मोडलहरूमा रहिरहन चाहने K-12 स्कुलहरूका कर्मचारीहरू ।
- फेब्रुअरी 8, 2021 – 65 वर्ष तथा सोभन्दा बढी उमेरका ओहायोवासीहरू ।
- फेब्रुअरी 15, 2021 – निम्न लगायतका गम्भीर जन्मजात, विकाससम्बन्धी वा प्रारम्भिक अवस्थामा रहेको तथा वंशाणुगत समस्याहरू भएका ओहायोवासीहरू: सेरेब्रल पाल्सी, स्पिना बिफिडा, गएको वर्षभित्र अस्पताल भर्ना हुन परेको जन्मजात मुटुको रोग; गएको वर्षभित्र अस्पताल भर्ना हुन परेको टाइप 1 मधुमेह; फेनिलकेटोनुरिया लगायत वंशाणुगत मेटाबोलिक विकारहरू; मृगी, हाइड्रोसेफाली तथा माइक्रोसेफाली लगायत स्नायुसम्बन्धी विकारहरू; डाउन सिन्ड्रोम, फ्रेजाइल एक्स सिन्ड्रोम, प्राडर-विली सिन्ड्रोम, टर्नर सिन्ड्रोम र मस्कुलर डिस्ट्रोफी लगायत गम्भीर आनुवंशिक विकारहरू; गएको वर्ष अस्पताल भर्ना हुन परेको आज्मा (दम रोग) र सिस्टिक फिब्रोसिस लगायत गम्भीर फोक्सोको रोग; सिकल सेल एनिमिया; र अल्फा तथा बिटा थालासेमिया भएका र ठोस अङ्ग प्रत्यारोपण गरेका बिरामीहरू । यदि व्यक्तिलाई आफू यो वर्गमा पर्छु जस्तो लाग्छ भने उनले विकाससम्बन्धी अपाङ्गताको स्थानीय बोर्डमा सम्पर्क गर्नुपर्छ जसले खोपका लागि समन्वय गर्नमा मद्दत गर्नेछ ।

Pfizer को खोपका लागि खोप लगाउने मानिसहरू 16 वा सोभन्दा बढी उमेरको र Moderna को खोपका लागि 18 वर्ष वा सोभन्दा बढी उमेरको हुनैपर्छ । विकाससम्बन्धी अपाङ्गताका स्थानीय बोर्डहरूले खोप लगाउने कार्यमा समन्वय गर्न योग्यता पुगेका मानिसहरूलाई सम्पर्क गर्नेछन् । यी बोर्डहरूले बाल अस्पताल तथा केही स्थानीय स्वास्थ्य विभागहरूसँग सहकार्य गरेर खोप लगाउने समयतालिका तय गर्नेछन् । विकाससम्बन्धी अपाङ्गताको आफ्नो बोर्डको सेवा लिइरहेका यो जनसंख्याका व्यक्तिहरू मात्र यो समयमा खोप लगाउन योग्य हुनेछन् ।

**खोप प्रदायक कसरी भेटाउने**

ओहायोवासीहरूले आफ्नो समुदायमा कहिले तथा कहाँ खोप लगाइन्छ भन्ने कुरा थाहा पाउन र स्थानीय स्वास्थ्य विभागबाट अपडेटहरू प्राप्त गर्नका लागि साइन अप गर्न आफ्ना स्थानीय स्वास्थ्य विभाग तथा EMA हरूका वेबसाइटहरू हेर्नुपर्छ । उमेरको आधारमा बनाइएका समूहहरूले स्थानीय स्वास्थ्य विभाग, अस्पताल, संघीय रूपमा योग्य स्वास्थ्य केन्द्र तथा तोकिएका केही औषधी पसलहरूमा खोप लगाउनुपर्नेछ । अन्य मानिसहरूको सन्दर्भमा प्रदायकहरू को हुने छन् भन्ने घोषणा गरिसकिएको छैन । राज्यव्यापी खोप प्रदायक रहेका कार्यालयहरूको सूची vaccine.coronavirus.ohio.gov मा प्राप्त गर्न सकिन्छ । यहाँबाट काउन्टी वा जिप कोड अनुसार पनि आफ्नो स्थानका लागि तोकिएको खोप प्रदायक पत्ता लगाउन सकिन्छ ।

**आगामी चरणहरू**

अबको चरणमा कस-कसलाई खोप लगाउने भन्ने बारेमा योजना बनाइँदैछ र योजना तयार भइसकेपछि सो योजनालाई सार्वजनिक गरिनेछ । खोप कसलाई तथा कहिले लगाइनेछ भन्ने बारेमा थप जानकारी प्राप्त भएपछि हामी समाचार मिडियाबाट सो जानकारी सार्वजनिक गर्नेछौं र सो जानकारी coronavirus.ohio.gov/vaccine मा पनि राख्नेछौं ।

खोपले COVID-19 लाई रोकथाम गर्ने र यो भाइरस लाग्ने मानिसहरूलाई गम्भीर बिरामी हुन नदिने कुरा देखाएको छ । धेरै ओहायोवासीहरूलाई खोप लगाइएको खण्डमा यसले गम्भीर बिरामी भएर अस्पतालमा भर्ना तथा मृत्यु हुने अवस्थाहरू रोकथाम गर्नमा मद्दत गर्नेछ ।

अधिकांश ओहायोवासीहरूलाई खोप नलगाइँदासम्म यो भाइरसको फैलावटलाई रोकथाम गर्नमा मद्दत गर्न उपलब्ध सबै उपायहरूलाई प्रयोग गर्न जारी राख्नु महत्त्वपूर्ण हुन्छ । मुख तथा नाक छोप्ने गरी मास्क लगाउन र सामाजिक दूरी कायम राख्न जारी राख्न्दा यसले तपाईं भाइरसको सम्पर्कमा आउने वा तपाईंले भाइरसलाई फैलाउने सम्भावनालाई कम गर्छ । सही सुरक्षात्मक उपायहरू अवलम्बन गरियो भने मात्र खोपले COVID-19 विरुद्ध उत्कृष्ट सुरक्षा उपलब्ध गराउनेछ ।

*संशोधित मितिः जनवरी 20, 2021*

थप जानकारीका लागि यहाँ जानुहोस्:coronavirus.ohio.gov

COVID-19 का सन्दर्भमा तपाईंसँग भएका प्रश्नहरूको जवाफ प्राप्त गर्न 1-833-4-ASK-ODH (1-833-427-5634) मा फोन गर्नुहोस् ।

**तपाईंको मानसिक स्वास्थ्य पनि शारीरिक स्वास्थ्य जतिकै महत्वपूर्ण हुन्छ । यदि तपाईं वा तपाईंको कुनै प्रियजन कोरोना भाइरस महामारीका कारणले चिन्तित हुनुहुन्छ वा आत्तिनुभएको छ भने मद्दत हप्ताको सातै दिन, दिनको चौबीसै घण्टा उपलब्ध रहेको छ । COVID-19 CareLine लाई 1-800-720-9616 मा फोन गर्नुहोस् ।**

**थप जानकारीका लागि यहाँ जानुहोस्: coronavirus.ohio.gov**